निर्णयहरु:-

१. नेपालीहरुको महान चाड दशैं, तिहार तथा छठको समयमा हुने विदाको अवधिमा जिल्लास्थित सरकारी कार्यालय, संस्थान तथा बैंकहरुले आ-आफ्नो कार्यालयको सुरक्षा व्यवस्था भरपर्दो बनाउने र सुरक्षार्थ खटिने कर्मचारीको सम्पर्क नम्बर सहितको विवरण नजिकको प्रहरी इकाई वा जिल्ला प्रशासन कार्यालय, मकवानपुरमा उपलब्ध गराउने ।

२. चाडपर्वको समयमा मानिसहरुको आवतजावतमा वृद्धि हुनुका साथै सडकमा सवारी साधनहरुको चाप अत्यधिक हुने हुँदा नजिकिदै गरेको चाडपर्वलाई लक्षित गरी डिभिजन सडक कार्यालय, मकवानपुरले आफ्नो क्षेत्राधिकारभित्रका सडकहरु चालु हालतमा राख्ने तथा मर्मत सम्भार गर्नुपर्ने सडकहरु तुरुन्त मर्मत गर्ने व्यवस्था मिलाउने ।

३. नजिकिदै गरेको चाडपर्वको समयमा विद्युत आपूर्तिलाई नियमित बनाई राख्न नेपाल विद्युत प्राधिकरण, हेटौडा वितरण केन्द्रले मर्मत गर्नुपर्ने स्थानहरुमा तत्काल मर्मतको कार्य सम्पन्न गर्ने । साथै, खानेपानीको आपूर्तिलाई समेत नियमित तुल्याउन हेटौडा खानेपानी व्यवस्थापन बोर्डले आवश्यक व्यवस्था मिलाउने ।

४. सम्बन्धित सबै सरोकारवाला निकायहरुको संलग्नतामा बजार अनुगमनको कार्यलाई तीव्रता प्रदान गर्ने तथा अनुगमन कार्यलाई नियमित बनाउने ।

प्रेमराज जोशी
प्रमुख जिल्ला अधिकारी